# मिति २०७५।४।३० मा बसेको प्रदेश मन्त्रिपरिषदको बठकको निर्णय

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/ /२०७५-०४-३० को प्रदेश मन्त्रालय र मातहतका निकायका छाप र लेटरप्याडका संलग्न ढाचाँको नमूना स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव – "प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ०४/०६/२०७५-०४-२९ को घरवास (होम स्टे) संचालन कार्यविधि, २०७५ को स्वीकृति सम्बन्धी विषयको प्रस्ताव - "विस्तृत छलफलका लागि प्रशासन तथा विधेयक समितिमा पठाउने" ।-

३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ०४/०७/२०७५-०४-२९ को प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निर्देशानलय, कार्यालयहरु रहने स्थान तोक्ने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तुत प्रस्तावमा देहाय बमोजिम गर्नेः

क) संलग्न विवरणको क्रमसंख्या-२ मा उल्लेखित उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको कार्यालय साविकको घरेलु तथा साना उद्योग विकास कार्यालय भवनमा राख्ने ।

ख) अन्य प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ०४/०८/२०७५-०४-२९ को यस प्रदेश अन्तर्गत पर्ने म्यागदी जिल्लालाई हिमाली जिल्लामा सूचीकृत गर्न नेपाल सरकारमा अनुरोध गर्ने विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ०४/०९/२०७५-०४-२९ को ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन, क्रसिङ्ग र विक्रिवितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५ मा संशोधन गर्न स्वीकृति दिने विषयको प्रस्ताव -"संशोधनका लागि पेश भएको तीन महले फारमको क्रम संख्या ३ बाहेक अन्य प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

६. भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ०५/०५/२०७५-०४-२९ को भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश अन्तर्गत रहने निकाय तथा कार्यालय प्रस्तावमा संलग्न विवरणमा तोकिएको स्थानमा राख्नको लागि स्वीकृति दिने सम्बन्धी प्रस्ताव -"प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

७. भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ०५/०६/२०७५-०४-२९ को भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्षेत्र भित्र पर्ने खारेजीमा परेका कार्यालयको सम्पत्ती यसै मन्त्रालय मातहत रहने सम्बन्धी प्रस्ताव -"प्रस्तावमा उल्लेखित कार्यालयहरुको सम्पत्ती भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश मातहत ल्याउन नेपाल सरकारमा अनुरोध गर्ने" ।-

८. भौतिक पूर्वाधार विकास मन्त्रालयको नं. ०६/०५/२०७५-०४-२९ को भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका निकाय/कार्यालयहरुको अनुसूची-१ बमोजिम व्यवस्थापन गर्ने गरी अनुसूची २,३,४,५,६,७ बमोजिमका कार्यालयहरु स्थापना तथा व्यवस्थापन हुन स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव – "प्रस्तुत प्रस्तावमा देहाय बमोजिम गर्नेः

क) अनुसूची-३ को क्रमसंख्या १ मा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बागलुङको कार्यक्षेत्रमा पर्वत जिल्ला थप्ने ।-

ख) अनुसूची-३ को क्रमसंख्या-२ मा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङजाको कार्यक्षेत्रमा

OCMCM, Gandaki

परेको पर्वत जिल्ला हटाउने ।

ग) अन्य प्रस्तावमा लेखिए बमोजिम गर्ने"।-

९. भौतिक पूर्वाधार विकास मन्त्रालयको नं. ०६/०६/२०७५-०४-२९ को यातायात व्यवस्था सेवा कार्यालय, नवलपरासी (वर्दघाट सुस्तापूर्व)को संगठन संरचना र दरवन्दी तेरिज स्वीकृत गर्ने प्रस्ताव – "प्रस्तुत प्रस्तावमा देहाय बमोजिम गर्नेः

क) कार्यालयको लागि आवश्यक भौतिक व्यवस्थापन भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्ने ।-

ख) आवश्यक जनशक्तिको व्यवस्थापन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने ।-

ग) संगठन संरचना र दरवन्दी तेरिज स्वीकृतिका लागि नेपाल सरकारमा अनुरोध गर्ने" ।-

१०. सामाजिक विकास मन्त्रालयको नं. ०७/११/२०७५-०४-२९ को सामाजिक सेवा विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिने विषयको प्रस्ताव – "प्रस्तावमा लेखिए बमोजिम गर्ने"।-

११. सामाजिक विकास मन्त्रालयको नं. ०७/१२/२०७५-०४-२९ को प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गतका निर्देशनालय, कार्यालयहरु रहने स्थान तोक्ने सम्बन्धी प्रस्ताव – "प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।-

OCMCM, Gandaki